# ७ भजन गाएर आराधना गर्ने

*यस अध्यायको निम्ति पढ्नुहोस्:* भजनसंग्रह २०:३, ४९, ५४:६, भजन ७३, ७८:१-८, ९०:१,२, १००:१-५, १४१:२।

*स्मरण गर्नुपर्ने पद:* "सबैमाथि प्रभुत्व भएको हे सर्वशक्तिमान परमेश्वर तपाईं रहने स्थान कति सुन्दर छ ! परमेश्वरको मन्दिरको परिसरमा रहन म अत्यन्त चाहना गर्दछु। भित्री हृदयदेखि नै परमेश्वरको नजिक हुन इच्छा गर्दछ। मेरा सम्पूर्ण शरीर, आत्मा र मनले जीवित परमेश्वरकोनिम्ति क्रन्धन गर्दछ।" (भजन ८४:१,२ रूपान्तरित)।

हिब्रू भाषामा भजन भन्ने शब्द बाजाको साथ गाउने भनेर जनाउँछ। त्यसकारण इस्रायलीहरूको आराधना गर्ने समयको महत्त्वपूर्ण भाग भजन गाएर बिताउँदथ्यो। हामीसँग भजनका रचनाहरू छन्। तर ती भजनका लय भन्ने छैन। हिब्रू भाषामा गाएका ती गीतहरू सुन्न पाए कस्तो रमाइलो हुन्थ्यो होला।

भजनका शव्दहरू अत्यन्त गहिरो र रसिला छन्। आत्मज्ञानको निम्ति यो बहुमूल्य खजाना नै भनेपनि हुन्छ। ती भजनहरूमा बिभिन्न विषयबस्तुहरू र गहिरा भावनाहरू समेतेका छन्। ती बिषयवस्तुहरूमा इस्रायलको राष्ट्रिय इतिहासको झझल्को पाउँछौं र साथै गीत रचयीताको गहिरो व्यक्तिगत बेदनाहरू पनि समावेश भएका छन्। इस्रायली इतिहासको लामो यात्रामा हामी पनि सहभागी भएका हुनाले भजनसंग्रहले हामीलाई बोलीरहेको पाउँछौं। हामी प्रत्येकको व्यक्तिगत बेदनाहरू छन्। कतिपय समयमा भजनमा वर्णन गरिएका दुःख र मार्मिक भावनाहरूसँग हामी पनि सहभागी भइरहेको अनुभव गर्दछौं। फेरि त्यस समयमा ती भजनमा व्यक्त गरेका आशा र ज्ञानलाई हामीले पनि दावी गर्न हामी पछि पर्नु हुन्दैन। यसमा व्यक्त गरेका समसामयीक बिषयलाई ख्याल गर्न हाम्रो निम्ति अत्यन्त हित हुनेछ।

यस अध्यायमा भजनसंग्रह र त्यसमा भएका केहि विषयवस्तुहरूको केहि मात्रामा अध्ययन गर्नेछौं। ती विषयवस्तुहरू हामीले अध्ययन गरिरहेका आराधनासँग कस्तो सम्वन्ध छन् र तिनीहरू वर्तमान परिप्रेक्ष्यमा कत्तिको अर्थपूर्ण छ भनेर हेर्नेछौं।

## १. हाम्रो सृष्टिकर्ता परमेश्वरको उपासना गर (भजन ९०:१,२)

प्रशंसाले भरिएका भजनसंग्रहले परमेश्वर को हुनुहुन्छ र उहाँ हाम्रो आराधनाको योग्य किन हुनुहुन्छ भनेर वर्णन गरिएको छ। परमेश्वरको महानताको घोषणा ती भजनहरूमा छन्। भक्तिभावले आनन्द मनाउँदै परमेश्वरको सम्मान गर भनेर तिनीहरूले भक्तहरूलाई आह्वान गरेका छन्।

देहायका भजनका उदाहरणहरूमा के कुरा समान छन्, भजन ९०:१,२, भजन ९५:१-६ र भजन १००:१-५?

परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर स्तुति गाउने भजन १९ पनि हो। यस भजनमा हामीलाई के महत्त्वपूर्ण सन्देश दिइएको छ? वर्तमान युगमा हामीलाई यो किन आवश्यक छ?

यहाँ, भजनका रचयीताहरूले स्वर्गमा भएको परमेश्वरको महिमाको बारेमा व्याख्या गर्दागर्दै अचानक उनीहरूले उहाँको वचन (बाइबल)को बारेमा ध्यानार्कषण गरिएको ख्याल गरेका थिए। यो अचानक परिवर्तन उनीहरुमा जानीजानी गरिएको थियो। भजनका रचयीताले हामीलाई के महान् सत्य सिकाउन खोजीरहेको पाउँछौं? यसको जवाफ पाउन देहायका पदहरू पढ्नुहोस्: यूहन्ना १:१-३, कलस्सी १:१६,१७ र हिब्रू १:१-३।

त्यहि परमेश्वर जसले आह्वान गर्दा संसारको अस्तित्व खडा भएको हो । उहाँले मानव परिवारको कल्याणको निम्ति आत्मिक, शारिरीक र सामाजिक व्यवस्था पनि दिनुभयो। संसारका सृष्टिकर्ता र लिखित व्यवस्थाका स्रष्टा परमेश्वर नै हुनुहुन्छ भनेर बाइबलको पुरानो करारले स्पष्ट गरेको छ। नयाँ करारका लेखकहरूले येशू नै सृष्टिकर्ता

र व्यवस्था तथा आज्ञाहरू दिने हुनुहुन्छ भनेर ठोकुवा गरेको पाउँछौं। उहाँ नै वचन देह हुनुभएको, परमपिता परमेश्वरको सत्य रूप देखाउन मानिसहरूको बीचमा रहनुभएको र उनीहरूको सट्टाभर्नामा उहाँ मर्नुभएको थियो भनेर ती लेखकहरूले पूर्ण विश्वास गरेका थिए। त्यसकारण उहाँमात्र हाम्रो आराधना र प्रशंसाको योग्य हुनुहुन्छ।

त्यसकारण प्रकाश १४:७मा उल्लेखित प्रथम स्वर्गदूतले औंल्याइएका आराधनाको आधारभूत सिद्धान्तहरुमा एक सुत्र भजनसंग्रहमा पनि पाउँदछौं। हामी परमेश्वरको आराधना वा उपासना गर्दछौं किनभने उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ। सृष्टिकर्तासँग सिधै जोडिएको उहाँको काम हाम्रो मुक्तिदाता पनि हुने हो (प्रकाश १४:६)। यदि ती उपरोक्त कारणहरूले परमेश्वरको आराधना र स्तुति प्रशंसा गर्नु होइन भने अरू के होला र?

परमेश्वरले सृष्टि गर्नुभएका कामहरूद्वारा उहाँलाई अझ कसरी राम्रोसँग चिन्न सक्नुहुन्छ?

## २. परमेश्वरको पवित्र स्थानबाट न्यायनिसाफ (भजन ७३)

धेरै भजनहरू सार्वजनिक आराधनाको निम्ति रचिएकाछन्। तर धेरै अरूचाहिँ व्यक्तिगत दुःखकष्ट र बेदनाका प्रार्थनाहरू छन्। प्रायजसो ती दुःख मनाउने गीतहरूले रचनाकारका समस्याहरू, दुःखकष्टमा आवश्यक भएको सहायताको पुकार र जे भएतापनि परमेश्वरप्रति सकारात्मक प्रतिवद्धता देखाइएको पाउँदछौं।

भजन ७३का रचनाकारले दुष्टहरू सफल भएको र आरामसँग जीवनबिताइरहेकोमा त्यसप्रति रोष प्रकट गर्दछ जब आफू भने अन्यायमा कष्ट सहिरहेका थिए।

भजन ७३मा यसका रचनाकारले गरेका गुनासोहरु पढ्नुहोस्। आफूले भोगेका समस्याप्रतिको मनस्थिति कसरी बदलियोको छ? यसबाट हामीले के सन्देश सिक्दछौं? हामी सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति के यो उपयोगी धारणा हो र? स्वर्गको पवित्र मन्दिरमा येशूले

गर्नुहुने सेवाकार्य र मुक्तिको योजनाको बारेमा भएको ज्ञानलाई पनि मनमा राख्नुहोस्। दानियल ७:९,१३,१४,२५ र २६ पढ्नुहोस्।

भजनसंग्रहमा वा बाइबल भरी नै उल्लेखित न्यायको प्रकरण दुई धारे तरवार जस्तै हो। (१) यस संसारका दुष्ट तथा खलनायकहरू सजायँका भागीदार र (२) सिधासाधा जनहरू र आतङ्कित भएका मानिसहरूको प्रतिरक्षा (भजन ७:९,१०, ९:७-१२, ७५:२, ९४:१-३, २०-२२, ९८:९)। भव्यताका साथ परमेश्वर उहाँको पवित्र स्थानमा गइरहेको दृष्य दुष्टले टुलुटुलु हेरिरहेको भनेर भजन ६८:२४मा उल्लेख गरेका छन्। परमेश्वरको सिहाँसनलाई न्याय र करुणाको प्रतिकको रूपमा चित्रण गरिएको छ। करारका सन्दुकले पवित्र स्थानको महा पवित्र कोठामा रहेको परमेश्वरको सिँहासनलाई प्रतिनिधित्व गर्दछ। त्यसकारण, दुःख, कष्ट र आतङ्कित भएका मानिसहरूको निम्ति पवित्र स्थान अर्थात् आराधना स्थल आश्रयको रूपमा खडा हुन्छ।

प्रथम् स्वर्गदूतको आह्वानमा पनि न्यायको बिषयबस्तु वर्णन गरिएको पाउँछौंः "चर्को स्वरले उनले भने, 'परमेश्वरप्रति श्रद्धा देखाऊ। उहाँको महिमा गर। परमेश्वरले निशाफ गर्ने समय आइपुगेको छ।" (प्रकाश १४:७ रूपान्तरित)। परमेश्वर हाम्रो आराधनाको योग्य हुनुभएको धेरै कारणहरू मध्ये उहाँमाथि भरोसा राख्न सक्नुपर्दछ । ढिलो वा चाँडो न्यायनिशाफ हुनेछ। र त्यो न्यायनिशाफ न्यायी र धर्मी अर्थात् पवित्र हुनेछ। यस संसारका कुनै पनि सुयोग्य न्यायधीसले गर्ने मानविय न्यायलयमा गर्ने न्याय भन्दा परमेश्वरको न्याय सिद्ध हुनेछ। हाबेलको मृत्युदेखि (उत्पत्ति ४:१०) आजसम्म मानव इतिहासमा भयङ्कर अपराधले यस संसारलाई ढाकिरहेको छ। यो अन्याय मानव इतिहासको अन्तसम्म भइनै रहने छ। तर सुसमाचार त यो छ कि अन्तमा परमेश्वरले सबैथोक ठिक गर्नुहुनेछ भनेर उहाँमाथि भरोसा राख्नु हो। वर्तमान अवस्थामा हामीले यो कुरो बुझ्न गाह्रो

भएपनि परमेश्वरमा हामी ढुक्क हुनु अनिवार्य छ (१ कोरन्थी ४:५ पढ्नुहोस्)।

के तपाईंले अन्याय भएको देख्नुभएको छ? के तपाईं पनि अन्यायको निरीह व्यक्ति हुनुभएको छ? यसको बाबजूद पनि परमेश्वरमा भरोसा राख्न कसरी सिक्नुहुन्छ? एकदिन सबैकुरो पूर्ण न्याय हुनेछ भन्ने परमेश्वरको बाचामा भरोसा राख्न तपाईंले कसरी सिक्नुहुन्छ?

## ३. "पशु जस्तै नाश हुने" (भजन ४९)

यस संसारमा अन्याय र अत्याचार भइरहेकाछन् भनेर यो भन्दा अघिल्लो बुँदामा हामीले हेऱ्यौं । बिश्वका थोरै मानिसहरूमात्र असाध्य धनी छन्। अधिकांस मानिसहरूलाई हातमुख जोड्न पनि कष्ट भोगीरहेको छ । संसारमा जुनसुकै बाद आएतापनि धनी र गरिबको बिचमा दुरी झन झन बढिरहेको हामी देख्दछौं। दुःखलाग्दो वा झन खराब कुरो त यो छ, गरिबहरूको फायदा उठाएर धनी झन धनी भइरहेका हामी पाउँछौं। धनी तथा सम्पन्न वर्गले गर्ने यो अन्यायको खिलाफमा परमेश्वरले बारम्बार चेतावनी दिनुभएको हामी बाइबलमा पाउँछौं। ती मानिसहरू जो शोषक छन्, मजदुरहरूलाई अन्याय गरेर आफू धनी वा सभ्य बन्छन् र त्यसको पश्चताप गर्दैन, न्यायको दिनमा उनीहरूले धेरै कुराहरूको स्पष्टिकरण दिनुपर्नेछ।

अधिल्लो बुँदामा पढेको अनुसार भजन ४९ त्यससँग कसरी गाँसिएको हामी पाउँछौं? यस भजनको आधारभूत सन्देश के हो? यस भजनमा सुसमाचार हामीले कहाँ पाउँछौं? अन्तको आशा यहाँ के दिएको छ?

संसारको सेरोफेरोमा व्यस्त हुनु अति सजिलो हुन्छ। धनी मानिससँग भएको धेरै कुराहरू तपाईंसँग पनि हुन्छ भने व्यस्त हुनु झन सत्य सावित हुन्छ। तर, यस संसारमा भएका थोकहरू केवल क्षणिकको लागि मात्र हो र त्यो सजिलैसँग बिलाएर जानेछ भनेर भजनको रचयीताले हामीलाई भन्दछ। तपाईंले जीवनभर जम्मा गरेका

धनसम्पत्तीहरू, तपाईंको निम्ति अत्यन्त महत्त्वपूर्ण कुराहरू रातारातै खोसिनसक्दछन् र नाश हुनसक्दछ। हामी सबै जना त्यस चट्टानको भीरमा छौं जुन जहिलै पनि समुद्रमा खस्न सक्दछौं। भाग्यवस यस भजन र बाइबलमा देखाए अनुसार यस संसार नै हाम्रो जीवनको अन्त होइन वा लक्ष्य होइन भनेर देखाउँदछ। भविष्यमा हामीले नसोचेको, नदेखेको कुराहरू हामीलाई परमेश्वरले सञ्चय गरि राख्नु भएको छ भन्ने आशामा हामी ढुक्क हुनसक्दछौं।

भजन ४९को ७-९ पढ्नुहोस्। यसमा के कुरा उल्लेख गरिएको छ । हामी सबै जना चाहे धनी होस् वा गरीब होस् मुक्तिको निम्ति येशूमा पूर्ण भर पर्दछौं भनेर ती पदहरूले कसरी भनेका छन्।

तपाईं भन्दा धनी वा सम्पन्न मानिसहरूलाई देखेर के तपाईं कहिलै डाह गर्नुभएको छ? यदि हुनुहुन्छ भने ती भावनालाई परमेश्वरमा सुम्पिन्न किन महत्त्वपूर्ण छ? तपाईंको अध्यात्मिक जीवनमा यस्ता भावनाहरू किन स्वस्थकर वा असल छैन? परमेश्वरसँगको सम्वन्धमा र पोसिलो आस्थाको निम्ति यस्ता कुभावनाहरू किन खराब हुनसक्दछन्? डाह, इष्या, पेट पोल्ने जस्ताको दासत्वबाट स्वतन्त्र हुन येशूको क्रुससँग नजिक रहनु र तपाईंको निम्ति क्रुसमा येशूले त्यागनुभएको जीवनको आत्मज्ञान हुनु र हाम्रो मुक्तिको निम्ति येशूले गर्नुभएको कार्यमा ध्यान दिइरहनु किन अपरिहार्य छन्?

## ४. आराधना र आराधना स्थल वा परमेश्वरको पवित्र बासस्थान (भजन १४१:२)

“धुपको मीठो बास्ना जस्तै मेरा बिन्तिप्रार्थनाहरू तपाईंको सामु आउन्। जब प्रार्थनाको निम्ति मेरा हातहरू उचालिनेछन् तब ती बेलुकीपख चढाइने बली वा भेटी सरहको होस्” (भजन १४१:२ रूपान्तरित)। यहाँ के को प्रतिकलाई उल्लेख गरिएको छ? यस पदले कसलाई औंल्याइरहेकाछन्?

प्राचिनकालका पवित्र बासस्थान व मन्दिरमा हुने सम्पूर्ण सेवाकार्यहरू पशुपंक्षी वा अन्न होम वा बलिप्रथामा आधारित थिए।

सैतानले त्यसलाई रोक्न भरमग्दुर प्रयत्न गर्न खोजेको हामी पाउँछौं। त्यत्तिमात्र होइन उसले त्यस प्रथालाई बङ्ग्याउन पनि खोजेका थिए। सैतानले मानिसहरूलाई परमेश्वरबाट निर्देशित तथा लक्षित बलिप्रथाबाट बिचलित पार्न बिभिन्न मानव विकाश देवीदेवताहरूका मुर्तीहरू खडा गराएर बालबालिकाहरूलाई भोगबलि चढाउन उक्साएका थिए। देवीदेवताहरूको रिसलाई साम्य पार्न नरबलि चाहिन्छ रे (नेपालको परिप्रेक्ष्यमा यो नौलो होइन)। तर बाइबलमा प्रचलित परमेश्वरबाट निर्देशित पशुबलिप्रथाको लक्ष्यचाहिँ परमेश्वरलाई खुसी पार्ने नभएर सबैको निम्ति येशूको मृत्युलाई औंल्याउनु थियो। धर्मात्मा बन्न वा मोक्ष पाउन हाम्रा धर्मकर्महरू कत्तिको बेकार छन् भनेर पनि ती बलिप्रथाको उद्देष्य थियो। पापको मोल कस्तो हुन्छ भनेर देखाउन निष्खोत पशुलाई त्यस पापको शिकार बनाएर मानिसले आफ्नो अपराध स्विकार गरून् भनेर पशु बलीप्रथा चलाइएको थियो। मानिसका पापहरूलाई परमेश्वरले कसरी क्षमा दिनुहुनेछ भनेर उहाँको योजना थियो। त्यहाँ योजनातिर मानिसहरू दृष्टिगत होउन् भनेर निरपराध पशुको बलिप्रथा मानिसहरूको सामु प्रस्तुत गर्नुभएको थियो। परमेश्वरले मानिसहरूलाई क्षमा दिनुहुन्छ, पापबाट सफा पार्नुहुन्छ र अनुग्रहद्वारा नै उनीहरूलाई फेरि आफ्नो बनाउनुहुन्छ यस प्रथाबाट देखाइएका थिए।

परमेश्वरको पवित्र बासस्थान वा पवित्र मन्दिरमा प्रचलित सेवाकार्यहरूका बिभिन्न प्रतिक र उदाहरणलाई भजनमा गाँसेर उहाँको आराधना गर्नु प्राचिन इस्रायलीहरूको चलन थियो भन्नुमा अचम्म मान्नु नपरेको हामी देख्दछौं। उदाहरणमा हेर्नुहोस्ः भजन २०ः३, ४३ः४, ५१ः१९, ५४ः६, ११८ः२७, १४१ः२।

पवित्र मन्दिरमा गरिएका सेवाकार्यहरूलाई सोच्नुहोस्, जस्तैः बिभिन्न पशु, पंक्षी वा अन्नबलि, पुजारीहरूका सेवाकार्य बिधि, मन्दिरको परिसरमा भएका बिभिन्न सामानहरू, र पवित्र र महा पवित्र कोठाहरू। यस संसारमा भएका पवित्र मन्दिरमा गरिने अस्थाई बिधिले येशूले हाम्रो निम्ति गर्नुहुने कार्यलाई औंल्याउने कस्ता सत्यहरू हामीले

सिक्नसक्दछौं? जब हामी परमेश्वरको उपासना गर्दछौं ती सत्य आत्मज्ञानलाई हामीले मनमा राख्न किन जरुरी छ?

भजन ४०:६-८ र हिब्रू १०:१-१३ पढ्नुहोस्। पावलले भजन ४०:८मा उल्लेखित बलीप्रथालाई हिब्रू १०:१-१३सँग कसरी गाँसिदिएको छ?

केवल येशू ख्रीष्टबाट मात्र हामीले मुक्ति पाउँछौं भनेर पावलले ठोकुवा गर्न खोजेको हामी पाउँछौं। पशुबलीले हामीलाई मोक्ष दिँदैन। केवल येशूद्वारामात्र हामी पापबाट शुद्ध हुनसक्दछौं, सच्चाईका साथ हामी क्षमा पाउन सक्दछौं। येशूले सबै मानिसको निम्ति के गर्नु हुनेछ भनेर औंल्याउन पृथ्वीमा भएको पवित्र बासस्थान अर्थात् मन्दिरमा गरिने सबै सेवाकार्यहरूले देखाइएको थियो। पृथ्वीको मन्दिरमा गरिने सेवाकार्य प्रणालीबाट येशूतिर ध्यान दिनु जरुरी छ भनेर पावलले यहूदी इसाई बिश्वासीहरूलाई अनुरोध गरिरहेका थिए। अब तिनीहरूले गर्ने उपासना अब येशूमा केन्द्रित हुनुपर्दछ भनेर पावलले जोड गर्दछ। स्पष्टमा भन्ने हो भने पवित्र मन्दिरमा गरिने सबै सेवाकार्यहरूले येशूलाई औंल्याइएको थियो। अब प्रतिकहरूबाट पार भएर ती प्रतिकहरूले कसलाई औंल्याउँछन् त्यतातिर ध्यान दिनु ती बिश्वासीहरूको आवश्यकता थियो। येशूको मृत्युपछि पनि स्वर्गको पवित्र मन्दिरमा मानिसहरूलाई क्षमा वा अनुग्रह उपलव्ध गराउन उहाँ र उहाँले गरिने कामको बारेमा यथार्थ आत्मज्ञान सबैले पाउन् भन्ने पावलको ठूलो चासो थियो।

जब हामीले आराधना (सामुहिक हुनसक्दछ) वा उपासना (व्यक्तिगत हुनसक्दछ) गर्दछौं तब त्यसको प्रत्येक भागले हाम्रो निम्ति येशूले गरिरहनुभएको कामलाई देखाउँछन् भनेर हामी कसरी यकिन हुने?

## ५. हामी नबिर्सौं ! (भजन ७८:१-८)

बिगत समयमा परमेश्वरले इस्रायलीहरूलाई कसरी अगुवाई गर्नुभएको थियो भनेर स्मरण गराउन तिन लामो स्तोत्र भजनसंग्रहमा

समाबेश गरिएका छन्। ती महान् भजन हुन्ः भजन ७८, १०५, १०६।

मानिसहरूले आफ्नो इतिहासलाई नबिर्सोस भनेर परमेश्वर किन चाहनुहुन्छ भनेर भजन ७८:१-८ले बताउँछ। यसको साथै व्यवस्था ६:६-९ र १ कोरन्थी १०:११ पनि पढ्नुहोस्। हो, हाम्रा समाज र सभ्यता त्यस वखत इस्रायलीहरू भन्दा फरक छन्, यद्यपि माथिका पदहरूमा उल्लेख गरेका सुत्रहरू सबै युगमा किन समसामयीक हुनसक्दछन् र हाम्रो जीवनको अनुभवमा तिनीहरूलाई हामी कसरी प्रयोग गर्नसक्दछौं? (अर्थात्, त्यहाँ उल्लेखित आधारभूत तथ्यहरू केवल पुराणमा मात्र सिमित हुन्छ वा हाम्रो जीवनमा पनि लागु हुन्छ?)

परमेश्वरले आफ्नो अस्तित्व धेरै तरिकाहरूबाट देखाउनुहुन्छ। ती तरिकाहरू मध्ये इतिहास पनि एउटा हो। तर प्रत्येक पिँढीले इतिहासलाई आधार बनाएर व्यक्तिगत रूपमा परमेश्वरको उपस्थितिको अनुभव गर्नुपर्दछ वा नविकरण गर्नुपर्दछ। यसैकारण नयाँ तथा पुरानो पिढीलाई परमेश्वरको बिगत अगुवाईको सम्झना गराउन आराधना कार्यमा स्तुतिप्रशंसा र परमेश्वरको वचन वाचन गर्न अत्यन्त आवश्यक छन्। इतिहास दोहरिनुहुन्न भनेर भजन ७८ले सतर्क गराइएको छ। फेरि त्यसैबखत, परमेश्वरबाट तर्किएर गएकाहरूलाई उहाँको अनुग्रह कस्तो छ भनेर हृदयबिधारक तरिकाले त्यस भजनले प्रस्तुत गरेको हामी पाउँछौं। “परमेश्वर स्तुति-प्रशंसाको योग्य किन हुनुहुन्छ भनेर तिनीहरूलाई भन।.....उहाँको शक्तिको बारेमा छलफल गर भनेर तिनीहरूलाई भन।“ (पद ४ रूपान्तरित)।

“परमेश्वरको निम्ति भजन गाओ” र “उहाँले गर्नुभएको सबै अचम्म थोकको बखान गर” (रूपान्तरित) भनेर भजन १०५:२ले हामीलाई आह्वान गर्दछ।

भजनसंग्रहका सबैभन्दा लामो भजन ११९ हो। यसमा “मलाई तपाईंको निति वा आदेशहरू सिकाउनु होस्” भनेर बारम्वार दोहोर्‍याइएको पाउँछौं। धर्मी स्वभाव भएको र ठिक जीवन बिताउन

चाहनेलाई सिकाउनको निम्ति "मलाई तपाईँको निति वा आदेशहरू सिकाउनु होस्" भन्ने आकाँक्षा धेरै पल्ट उल्लेख गरेको कारण बाइबलमा त्यो कत्तिको महत्त्व रहेछ भनेर देखाउँछ। जब युवक प्रचारकलाई सल्लाह दिनुपर्दा पावलले पुनः यहि बिचारलाई दोहोऱ्याइएको हामी पाउँछौँ। उनले तिमोथीलाई यसरी सल्लाह दिन्छः "सारा धर्मशास्त्र (बाइबल)मा परमेश्वरले जीवनको सास फुकिदिनुभयो। जुन सत्य छ त्यो हामीलाई सिकाउन त्यो धर्मशास्त्र उपयोगी छ। हामीहरूका गल्तीहरूलाई औँल्याएर सच्च्याउन यो काम लाग्छ। हामीहरूका क्षतबिक्षत भएको जीवनलाई फेरि एकत्रित पारेर पूर्णता दिन उपयोगी छ। हामीलाई न्यायोचित वा ठिक काम गर्नको निम्ति तालिम दिन पनि यो धर्मशास्त्र लाभप्रद छ।" (२ तिमोथी ३:१६ रूपान्तरित)

"वचनको वाचन वा प्रचार गर" (२ तिमोथी ४:) भनेर पावलले तिमोथीलाई निर्देशन दिइएको छ। यदि आराधनाको समयमा परमेश्वरको वचनलाई प्रचार गरिएन भने त्यसको नतिजा हितकारी हुनेछैन। परमेश्वरको वचन बिनाको कुनै पनि चर्च प्रोग्राम वा व्यक्तिगत उपासनाले मानिसको हृदयमा सुसमाचारको सन्देशलाई कमजोर बनाउँछ, नव जीवन पाउन रोक्दछ, र विश्वासीहरूले आराधनामा पाउनुपर्ने उच्चकोटीको अनुभवलाई मत्थर पार्दछ।

परमेश्वरले तपाईँको जीवनमा केह अचम्मको काम गरिरहनुभएको छ भनेर कतिपल्ट अनुभव गर्नु भएको छ? अनि कत्ति छिट्टो यसलाई तपाईँले बिर्सनुहुन्छ र आपद परेको बेलामा तपाईँको आस्थालाई देखाउन डराउनुहुन्छ? चाहे चर्चको सार्वजनिक स्थलमा होस् वा तपाईँको व्यक्तिगत गोप्य उपासनामा होस्, तपाईँको जीवनमा परमेश्वरको अगुवाईलाई ताजा राखीराख्न के गर्नुपर्छ? अध्यात्मिक जीवनमा यो किन महत्त्वपूर्ण विषय हो?

**उपसंहारः**

<u>थप जानकारीः</u> एलेन जी ह्वाइटका यी सामग्रीहरू पढ्नुहोस्ः *पाट्रियार्क एण्ड प्रोफेटस्* पृ. ४४-५१को “द क्रियशन”, *एडुकेशन* पृ. १५९-१६८को “पोइट्री एण्ड सङ्ग”, *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, पृ. ११७-११५को “फर्गेटफुल्नेस”।

“बाइबल धर्मशास्त्रमा भजनसङ्ग्रको स्थान अति विशिष्ट छ.....। बाइबलमा भएको भजनसङ्ग्रले, इस्रायली धर्मको मुटुको धडकनले जस्तै काम गर्दछ। यस भजनको पुस्तक वा स्तोत्रमा परमेश्वरको जनहरूले स्वर्गको सिँढी भएको पाइएका छन्। बेदनाले अत्यन्त तल झरेको मानिसदेखि लिएर आत्मिक आनन्दमा उच्चकोटी हासिल गरेका मानिसले परमेश्वरको उपासना कसरी गरे भन्ने वयान त्यस पुस्तकमा हामी पाउँछौं। निराशले आततायी भएका क्रन्धन र हतोत्साहि भएर जीवन क्षतबिक्षत भएको अनुभवको साथै परमेश्वरप्रति कृतघ्न भएर स्तुति-प्रशंसा गरेका गीतहरू यस स्तोत्रमा समावेश गरिएका छन्। हिब्रू बाइबलको इतिहासभरी भजनसंग्रह अत्यन्त मूल्यवान मणी र प्रिय पुस्तक सावित भएर खडा भएको छ, किनकि यसले मानिस र परमेश्वरको बिचमा गाढा सम्वन्ध राख्दछ। यो पुस्तकको महान् तथा गहिरो उपयोगिता शायद त्यहि प्रमूख कारण हो भन्न हिचकिचाउन आवश्यक देखिन्न।“ अझ भजनसंग्रहको पुस्तकले “परमेश्वरको आफ्नै हृदयलाई हाम्रो सम्मुख ल्याउँदछ....उहाँको बारेमा सबै थोक हामीले विश्वासद्वारा ग्रहण गरुन् र मोसाद्वारा उहाँले गर्नुभएका सम्पूर्ण क्रियाकलापलाई हामीले आत्मसात् गरेर हामीप्रति उहाँको चाहनालाई दर्शाउन् भनेर यो भजनसंग्रह प्रेरणादायी धरोहरको रूपमा खडा भएका छन्।“-हान्स के. लारानडेलद्वारा लिखित डेलिभरेन्स इन सामस् (बेरियनस्प्रीङ्ग, मिशिगनः फस्ट इम्प्रेशन, १९८३) पृ. ३,४बाट रूपान्तरित।

**चिन्तनमननः**

क. समयको अन्तमा परमेश्वरले गर्नुहुने अन्तिम निशाफमा भरोसा राख्न एक पक्ष कुरो हो। निसन्देह, हामीले त्यसमा आशा राख्नुपर्दछ र त्यस बाचामा भरोसा राख्नुपर्दछ। तर त्यसो हुने भयो भन्दैमा के हामीले जे न्यायोचित छ र जे उचित छ त्यसप्रति अग्रसर नभएर हात बाँधेर बस्ने त? एक दिन सबैको न्याय हुनेछ भन्ने ज्ञानमा र अहिले नै न्यायोचित तथा उचित काम गर्नेमा ठिक सन्तुलन हामीले कसरी राख्नुपर्दछ?

ख. चौठो बुँदामा उल्लेखित आराधना र चर्चमा आराधना गर्ने शैलीको बिषयमा गरिएका प्रश्नहरूको बारेमा चिन्तन गर्नुहोस्। चर्चमा गाउने र बजाउने गीत तथा सङ्गीत, प्रचार, सेवाकार्य बिधि आदि येशूलाई औँल्याउने नभएर ती आफै लक्ष्य किन हुनसक्दछ? कतिपय समयमा यथार्थलाई बिर्सेर त्यसलाई देखाउने प्रतिकहरूलाई पूजा गरेर उनीहरूलाई सम्मान गरेको गरेको हामी पाउँछौं। यस्तो कुराले आराधनाको उद्देष्यमा आँच ल्याउने भएकोले त्यसबाट हामी कसरी सुरक्षित हुने?

ग. तपाईंको चर्चमा आराधना सेवाकार्य गर्ने सबै शैलीमा हाम्रो दिमाग येशूमा राखीराख्न के सुधार गर्न सक्नुहुन्छ?

घ. तपाईंलाई असाध्य मनपर्ने भजनहरू के के छन्? तिनीहरूलाई तपाईंले किन मनपराउनुभयो? त्यसले परमेश्वरको बारेमा तपाईंलाई के देखाउँदछ?

ङ. यदि तपाईंको चर्चले भजनको पुस्तकको कुनै पनि अध्यायलाई गाउँदैन भने सङ्गीतमा दक्षता भएको मानिसलाई उपयोग गरेर भजन गीत रच्न दिनुहोस् अनि सबै जना मिलेर चर्चमा गाउनुहोस्।